आज मिति २०८१ साल श्रावण २५ गते बिहान ११:०० बजे यस ठाँटीकाँध गाउँपालिकाको ४१ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरीयो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम चढुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र कामी | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर बम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरसिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री वीरेन्द्र बहादुर रावत | प्राविधिक सहायक शिक्षा | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लव बहादुर शाही | श्रोत शिक्षक शिक्षा शाखा | ठाँटीकाँध गापा दैलेख | |

मिति २०८१/०४/२५ गतेको ४१औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

चालु आ व २०८१।०८२ को शिक्षा तर्फ सशर्त अनुदान अन्तर्गत शैक्षिक शिक्षण सिकाई अनुदान वितरण सम्बन्धमा ।

प्रस्ताव नं.२

गाउँ शिक्षा विधेयकको मस्यौदा उपर छलफल गरी कार्यपालिकामा पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिने सम्बन्धमा ।

प्रस्ताव नं.३

गाउँपालिका अनुदानबाट पारिश्रमिक पाउने शिक्षकहरुको व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं.४

यस गाउँपालिकाको जल उपयोग गुरुयोजना कार्यान्वयन कार्यान्वयनका लागि जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल लगायतका संस्थाहरुलाई अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ५

गत आ व २०८०।०८१ मा करार सेवाका लागि विज्ञापन भई परीक्षा स्थगित भएका सब ईन्जिनियर र असिष्टेण्ट सब ईन्जिनियर पदको पदपूर्तिका लागि प्रकृया अगाडी बढाउने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा चालू आ व २०८१।०८२ को प्राप्त सशर्त अनुदान शिक्षा तर्फ शिक्षण सिकाई अनुदान देहाय अनुसार वितरण गर्ने र अनुदानका लागि नयाँ छनोट भएका विद्यालयहरुले २०८१ भाद्र मसान्तभित्र रितपूर्वक शिक्षक नियुक्ति गरिसक्ने गरी व्यवस्था मिलाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क सं | विद्यालयको नाम | सविकदेखि अनुदान पाईरहेको कोटा | चालु आव मा थपिने कोटा | नियुक्ति हुने विषय शिक्षक |
|---|---|---|---|---|
| क | मा वि तह तर्फ कक्षा ९-१० | | | |
| १ | श्री दशरथ मा वि प्याहूली ठाटीकाँध२ | १ | १ | गणित र विज्ञान |
| २ | श्री ने रा मा वि धामीगाउँ ठाटीकाँध ३ | ० | ३ | गणित विज्ञान र अंग्रेजी |
| ३ | श्री देउती मा वि गैरागाउँ ठाटीकाँध ४ | २ | १ | गणित विज्ञान र अंग्रेजी |
| ४ | श्री मालिका मा वि पाँचाला ठाटीकाँध ६ | २ | ० | गणित र विज्ञान |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा कोटा | | | |
| ख | आ वि तह तर्फ कक्षा ६-८ | | | |
| १ | श्री दशरथ मा वि प्याइूली ठाटीकाँध २ | १ | ० | विज्ञान |
| २ | श्री ने रा मा वि धामीगाउँ ठाटीकाँध ३ | १ | ० | अंग्रेजी |
| ३ | श्री देउती मा वि गैरागाउँ ठाटीकाँध ४ | ० | १ | अंग्रेजी |
| ४ | श्री मालिका मा वि पाँचाला ठाटीकाँध ६ | ० | ० | ०० |
| ५ | श्री सत्यदेवी आ वि आग्र ठागापा ५ | १ | ० | अंग्रेजी |
| ६ | श्री वालकल्याण आ वि गुयलसीम ठागापा ६ | १ | ० | गनित |
| ७ | श्री कृष्ण आ वि माझखर्क ठागापा ३ | १ | ० | गनित |
| | जम्मा कोटा | | | |

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ठाटीकाँध गाउँपालिकाको गाउँ शिक्षा विधेयकको मस्यौदा उपर सर्वपक्षीय वैठकवाट छलफल गरी आवश्यक राय सुझाव सहित २०८१ साल आश्विन मसान्त भित्र पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका अनुदानवाट पारिश्रमिक पाउने शिक्षकहरुको पारिश्रमिक भुक्तानी गर्न पालिकाले प्राप्त गर्ने संघीय र कर्णाली प्रदेश सरकारवाट अख्तियारी प्राप्त भए अनुसार राजश्व वाँडफाँटको रकम निकासा नहुने र गाउँपालिकाको आफ्नै आन्तरिक राजश्व समेत न्यून मात्रामा मात्र असुल हुने तर गाउँपालिकावाट तलवभत्ता भुक्तानी गर्नुपर्ने शिक्षक,विघालय कर्मचारी,कार्यालय सहयोगी र वाल विकास सहजकर्ताहरुको संख्या आर्थिक श्रोतले थेग्न नसक्ने गरी वढी भएकाले न्यूनतम् र वास्तविक आवश्यकता कति हो, सवै शैक्षिक संस्थाहरुको स्थलगत अनुगमन गरी सो को आधारमा आवश्यक संख्या यकिन गरी मिति २०८१ साल भाद्र मसान्तभित्र सिफारिस सहित पेश गर्न देहाय अनुसार पदाधिकारी तथा कर्मचारीहरु रहेको अनुगमन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | नाम थर | पद | संस्था |
|---|---|---|---|
| १ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाटीकाँध गाउँपालिका |
| २ | श्री जोरासिंह रोकाया | संयोजक/सदस्य | सामाजिक विकास समिति |
| ३ | श्री वडा अध्यक्ष ज्यूहरु | सदस्य | सम्वन्धित वडा |
| ४ | श्री भक्ति प्रसाद तिमिल्सेना | अध्यक्ष | ठाटीकाँध गाउँपालिका शिक्षक महासंघ |

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | श्री खगेन्द्र बहादुर शाही | अध्यक्ष वा प्रतिनिधि | नेपाल शिक्षक संघ गाउँ कार्य समिति ठाटीकाँध |
| ६ | श्री धीर बहादुर शाही | अध्यक्ष | नेपाल राष्ट्रिय शिक्षक संगठन गाउँ कार्य समिति ठाटीकाँध |
| ७ | श्री कटक बहादुर विष्ट | अध्यक्ष | एकीकृत नेपाल राष्ट्रिय शिक्षक संगठन गाउँ कार्य समिति ठाटीकाँध |
| ८ | श्री नर बहादुर रोकाय | अध्यक्ष वा प्रतिनिधि | ने क्रा शि संगठन ठाटीकाँध गाउँपालिका |
| ९ | श्री लव बहादुर शाही | श्रोत शिक्षक | ठागापा शिक्षा शाखा |
| १० | श्री नेत्र बहादुर थापा | शिक्षा अधिकृत | ठागापा शिक्षा शाखा |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको जल उपयोग गुरूयोजना (आ व २०८०।०८१–२०८४।०८५) कार्यान्वयनका लागि जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल लगायतका संस्याहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गत आ व २०८०।०८१ मा करार सेवाका लागि विज्ञापन भई परीक्षा स्थगित भएका सव ईन्जिनियर पदसंख्या १ र असिष्टेण्ट सव ईन्जिनियर पद पद संख्या २ का लागि मिति २०८१।०५।१५ गतेभित्र परीक्षा सञ्चालन गरी पदपूर्ति प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

CamScanner